# विगु गाउँपालिका
# लादुक, दोलखा

## आ.व. २०७५।०७६ को लागि प्रस्तावित वार्षिक नीति, कार्यक्रम तथा आय/व्यय सहितको बजेट वक्तव्य

**२१ असार २०७५**

विगु गाउँपालिकाको तेस्रो गाउँसभाका सभाअध्यक्षज्यु, उपस्थित सम्पुर्ण अतिथिगण, गाउँसभाका सदस्यहरु, सम्पुर्ण कर्मचारीहरु, पत्रकार मित्र तथा उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु, म गाउँपालिका उपाध्यक्ष संजिव ओली यहाँहरुलाई हार्दिक नमस्कार, अभिबादन र स्वागत गर्न चाहन्छु र यस गाउँपालिको आ.व २०७५।०७६ को नीति तथा कार्यक्रम प्रस्तृत गर्ने अनुमति चाहन्छु ।

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले ब्यवस्था गरे बमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । देशलाई यस स्थितिमा ल्याइ पुऱ्याउन आफनो प्राणोत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघीयता स्थापना गर्न अहम भूमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात ब्यक्ति र सहिदहरुलाई श्रद्धा सुमन ब्यक्त गर्न चाहन्छु । संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबार, आफ्नो गाउँ आफैं बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,
अव म यस विगु गाउँपालिकाको चालु आ.व.को कार्य केही समिक्षा गर्न चाहन्छु ।

- यस आर्थिक वर्षमा गाउँपालिका भित्रका प्रत्येक टोल टोलमा सडक संजालले जोडिएको छ ।
- गाउँपालिका भित्रको करीव १५० किलोमिटर सडक चौडाई लाई ७ मिटर बनाईएको छ ।
- कुनै पनि कार्य संचालन गर्न सर्वप्रथम कार्यलयको आवश्यकता पर्दछ । तसर्थ कार्यलाई ब्यवस्थित बनाउन गाउँपालिकाको अस्थायी भवन निर्माण कार्य सम्पन्न, एकिकृत सेवा केन्द्र भवनको निर्माण क्रमागत रुपमा रहेको छ ।
- गाउँपालिका भित्र रहेका विभिन्न पर्यटन स्थलमा जानको लागि पर्यटन पैदल मार्गको निर्माण गरिएको छ ।
- विद्यार्थी संख्या भौगोलिक अवस्था शिक्षक दरवन्दी आदिको आधारमा विद्यालयको पठन पाठनलाई निरन्तरता दिन विद्यालय अनुदानको ब्यवस्था गरिएको छ ।
- क्षमता विकास कार्यक्रम संचालन गरि ब्यक्तिको आर्य आर्जनमा बृद्धि गरिएको छ ।
- गाउँपालिका स्तरिय नर्सरीको निर्माण गरिएको छ ।
- विगु गुम्बा लगायत मठ मन्दिरको मर्मत सम्भार कार्य गरिएको छ ।
- लामवगर लप्ची पैदल मार्गको निर्माण गरि आवत जावतलाई सहज बनाईएको छ ।
- गाउँपालिका भित्रका सडकको चप्नजत या धबथ कायम गरी सो भित्र परेका अस्थायी तथा स्थायी संरचनाको भत्काउने कार्य संचालन गरिएको छ ।
- गुणस्तरीय शिक्षा र विश्वमा अंग्रेजी शिक्षाको प्रभावलाई मध्यनजर गरी बाल कक्षा र कक्षा १ मा अंग्रेजी पाठयपुस्तकको निशुल्क विवरण गरिएको छ ।

- **सिंगटी जलविद्युत आयोजना र गाउँपालिकाको संयुक्त लगानीमा झोरुड खोलामा वेली ब्रिज निमार्ण कार्यको लागि प्रस्ताव पत्र माग गरिएको छ ।**
- **आवधिक योजना निर्माण र ८७ किलोमिटर सडकको वातावरणीय प्रभाव मुल्याङकन -भ्क्ष्ब) कार्यलाई अगाडी बढाईएको छ ।**

**कार्य सम्पादनको सिलसिलामा देखिएका केही सम्सयाहरु**

- **कर्मचारीको अभावको कारण कार्य संचालनमा केही सम्स्या परेको पाइन्छ ।**
- **भौगोलिक विकटता आदिको कारण विकास निर्माण कार्य संचालन गर्न सम्स्या देखिएको छ ।**

**अव म यस विगु गाउँपालिकाको आ.व ७५।०७६ नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । नीति तथा कार्यक्रमलाई विषय क्षेत्र अनुसार व्यवस्थापन गर्ने कोशीस गरेको छु ।**

**स्वास्थ्य सम्वन्धी नीति तथा कार्यक्रम**

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहँच हुने गरी प्रभावकारी सेवा उपलब्ध गराइनेछ ।
- गाउँपालिका कम्तिमा २० शैयाको अस्पतालको निर्माण गर्न केन्द्र सरकार, प्रदेश सरकार समक्ष सहकार्य गरी कार्य अगाडी बढाइनेछ ।
- प्रत्येक वडामा सामाजिक सुरक्षा भत्ता वितरण सँगसँगै स्वास्थ्य जाँच र निशुल्क औषधी उपचारको व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्र दन्तरोग, चर्म, स्त्रीरोग, आँखा रोग सम्बन्धी विभिन्न समयमा विभिन्न स्थानमा स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- गाउँपालिकाका भित्रका एक स्वास्थ्य चौकीलाई प्रयोगशाला सहितको स्वास्थ्य चौकीको रुपमा विकास गरिनेछ ।
- स्वास्थ्य पूर्वधार, औषधी तथा उपकरणको उपलब्धतमा वृद्धि गरिनेछ ।
- स्थानीय स्तरमा उपलब्ध हुने जडिबुटीहरुको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणलीलाई थप प्रभावकारी गराइनेछ ।
- पूर्ण खोप सुनिश्चितता वडा कायम गरिनेछ ।
- खोप कार्यक्रमलाई थप व्यवस्थित बनाउन खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइनेछ ।
- खोप केन्द्रलाई व्यवस्थित गरी यस वर्ष २ ओटा खोप केन्द्र भवनको निर्माण गरिनेछ ।
- गर्भवति महिलालाई हरेक पटक गर्भ जाँच गरी स्वास्थ्य संस्थामा जाँदा एक प्याकेट आयोडिन नुन वितरण गरिनेछ ।
- हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर राखिनेछ । पोषिला खानेकुराको प्रद्धर्शन गर्ने र स्थानीय स्तरमा पोषिला खानेकुराहरुको उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने व्यवस्था मिलाइनेछ ।
- वर्षमा एक पटक संघ तथा प्रदेश स्वास्थ्य निकायसँग समन्वय गरी स्थायी वन्ध्याकरण शिविर संचालन गरिनेछ ।

- आमा सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाउन यातायात खर्चको वितरण प्रणलीलाई चुस्त बनाइनेछ ।
- **पुर्ण गर्भवति जाँच एवं पुर्ण संस्थागत** सुत्केरी जस्ता अभियानलाई लागु गरिनेछ ।
- **इच्छाएको गर्भ, सुरक्षित तथा स्वच्छ गर्भ** मूल नाराका सामाजिक परिचालन गरिनेछ ।
- महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकारी योजना बनाई लागू गरिनेछ ।
- क्षयरोगको नयाँ रोगी पत्ता लगाउनको लागि समय समयमा जोखिम स्थानहरु पहिचान गरी परिक्षण शिविर संचालन गरिनेछ ।
- डट्स बिधिबाट उपचारात्मक पद्धतिलाई थप प्रभावकारी बनाउन स्वास्थ्य कर्मीको निगरानीलाई बढाइनेछ ।
- कुष्ठरोगका बिरामी तथा परिवारको लागि जनचेतनामुलक कार्यक्रम चलाइनेछ ।
- म.स्व.स्व.से. हरुलाई स्वास्थ्यका सम्पुर्ण कार्यक्रमहरुमा समुदाय स्तरबाट जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिनेछ ।
- बन्चितिकरणमा परेका समुदायको पहिचान , आमा समुहहरुको थप सदृढिकरण गराउन म.स्व.स्व.सेहरुलाई थप उत्प्रेरित गरिनेछ ।
- स्वास्थ्य संस्थाको सरसफाइमा विशेष जोड दिइनेछ । स्वास्थ्य संस्थाहरुको सरसफाईको अनुगमन गरी उत्कृष्ट सरसफाई गर्ने संस्थाका का.स.लाई पुरस्कृत गरिनेछ ।
- स्वास्थ्य संस्था प्रमुखहरुको मासिक बैठक तथा समीक्षालाई निरन्तरता दिइनेछ ।
- मासिक अनलाइन तथ्याङ्क प्रबेष्टीकरणका लागि आवश्यक पर्ने इन्टरनेट सेवालाई चुस्दुरुस्त बनाइनेछ ।
- समय समयमा स्वास्थ्यका विभिन्न विषयहरुमा सडक नाटक लगायतका कार्यक्रम संचालन गरिनेछ ।
- औषधी, खोप तथा स्वास्थ्य सामग्रीहरुको भण्डारका लागि अत्याधुनिक भण्डारण कक्षको निर्माण कार्य शुरु गरिनेछ ।
- वर्थिङ सेन्टरको औजार उपकरणहरुको खरिद तथा व्यवस्थापनको लागि उचित बजेटको व्यवस्थापन गरिनेछ । निशुल्क औषधीको लागि थप रु ७ लाख शशर्त बाहेक विनियोजन गरिनेछ ।

## खानेपानी सम्वन्धी नीति तथा कार्यक्रम

- **सफा खानेपानी सवैले खानी** भन्ने नारालाई सार्थक बनाउन गाउँपालिका भित्रका सवै वडामा सफा खानेपानीको पहुँच स्थापना गरिनेछ ।
- खानेपानी मुहान सुधृढीकरण तथा संकलन केन्द्रको सुरक्षा गरी खानेपानीको गुणस्तर सुधार गरिनेछ ।
- आवश्यकता अनुसार मासिक तथा त्रैमासिक रुपमा खानेपानीको गुणस्तर सुधारका लागि उपभोक्ता समितिलाई थप जवाफदेही बनाइनेछ ।

- डडुवा खोला खानेपानी आयोजना संचालन गरिनेछ । जसबाट एक घर एक धारा निर्माण गरी बनाइनेछ ।
- प्रत्येक खानेपानी मुहानको अध्ययन गरी ती मुहानको पानीको परिक्षण गरिने छ ।
- स्याखु खोला,गग्लाते खोला पोक्टे खोला खानेपानीको स्थलगत अध्ययन गरी वडा नं ५, ६, ७ र ८ मा एक घर एक धारा निर्माण गरिने छ । तथा डडुवा खोला खानेपानीबाट वडा नं. २,३ र ४ मा खानेपानीको व्यवस्था गरिने छ ।

**जडिबुटी सम्वन्धी नीति तथा कार्यक्रम**

- जडिबुटी प्रशोधन केन्द्र स्थापना गरिनेछ । साथै आयुर्वेद सेवा संचालनमा जोड दिइनेछ ।
- वातावरण अनुसार बाँझो रहेको जमिनमा जडिबुटी खेतीगर्न चाहने कृषकको लागि प्रस्ताव पत्रको माग गरि विशेष अनुदानको व्यवस्था गरिने छ ।
- भुगोल र वातावरण अनुसार जडिबुटी नर्सरीको निर्माण गरिनेछ ।

**बिद्यालय / शिक्षा सम्वन्धी नीति तथा कार्यक्रम**

- प्रत्येक माध्यमिक विद्यालयमा इन्टरनेटको जडान गरिनेछ ।
- गाउँपालिका भित्र रहेको सामुदायिक अध्ययन केन्द्रको क्षमता विस्तार गरी थप सामुदायिक अध्ययन केन्द्रको स्थापना गरिनेछ ।
- गाउँपालिका भित्र रहेको सामुदायिक विद्यालयमा कार्यरत उत्कृष्ट बिषय शिक्षकलाई पुरस्कृत गरिनेछ ।
- सामुदायिक विद्यालयबाट SEE परीक्षामा उतकृष्ट एक जना छात्र र एक जना छात्रालाई विशेष पुरस्कारको व्यवस्था गरिनेछ ।
- शिक्षकको क्षमता विकास गर्न विषयगत शिक्षकको लागि तालिम तथा पुनर्ताजकीय तालिम आदिको व्यवस्था गरिनेछ ।
- विश्वमा वढ्दै गएको अंग्रेजी शिक्षाको प्रभावलाई मध्यनजर गर्दै यस गाउँपालिकाका वा.वि.के. कक्षा १ र २ मा अंग्रेजी माध्यमबाट पठनपाठन संचालन गरिनेछ । जसमा अध्यपन गराउन शिक्षकको लागि तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालयमा रहेको विद्यार्थी संख्या, शिक्षक दरवन्दी, भौगोलिक अवस्था आदिको अध्ययन गरी दरवन्दी मिलान तथा विद्यालय मर्ज गरी नपुग विद्यालयमा विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्रका उत्कृष्ट विद्यालयलाई विशेष पुरस्कारको व्यवस्था गरिनेछ ।
- प्रत्येक विद्यालयमा एक ओटा पुस्तकालयको व्यवस्था गरिनेछ ।
- गाउँपालिका स्तरीय सूचना प्रविधि केन्द्रको निर्माण गरिनेछ ।

- गाउँपालिकामा यस बर्ष एक ओटा प्राविधिक विद्यालयको स्थापना गरिनेछ ।
- गा.पा. भित्रका आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुको पहिचान गरी स्टेसनरी, ड्रेस तथा झोला वितरण गरिनेछ ।
- विगु गा.पा. भित्रका सामुदायिक तथा संस्थागत विद्यालयको डेसमा एकरुपता ल्याइनेछ ।
- सामुदायिक बिद्यालयमा सबैभन्दा बढी समय हाजिर भई पठनपाठन गर्ने गराउनु हुने एक जना शिक्षक र विद्यार्थीलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्र संचालन भएका बाल कक्षामा कार्यरत शिक्षीका र विद्यालय कर्मचारीको लागि पोशाकमा एकरुपता ल्याउन पोशाक भत्ताको व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत बाल कक्षा र कक्षा १ मा भर्ना भएका विद्यार्थीलाई विद्यालयमा हाजिर भएको दिनलाई आधार मानी प्रति दिनको खाजा खर्च स्वरुप रु १५ का दरले विद्यालयलाई अनुदानको व्यवस्था गरिने छ ।
- गाउँपालिका भित्र सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको लागि शैक्षिक अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।
- विद्यालय स्तरीय अतिरिक्त कृयाक्लाप कार्यक्रमको संचालन गरिने छ ।
- विद्यालयमा कार्यरत शिक्षकको शैक्षिक योग्यता, पदको वर्गीकरण आदिको आधारमा विद्यालय सुधारको प्रस्ताव पत्र माग गरि प्रधानअध्यापकको छनौट गरि शैक्षिक गतिविधि संचालन गरिने छ ।
- निरन्तर विद्यार्थी मुल्याङकन विधिको बारेमा शिक्षकको लागि तालिमको व्यवस्था गरिने छ ।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालय भर्ना गर्न विशेष योजना ल्याइने छ ।
- बालविकास केन्द्रमा कार्यरत शिक्षीकाको लागि मन्टेश्वरी तालिमको व्यवस्था गरिने छ ।
- बालविकास केन्द्र नभएका विद्यालयमा बालविकास केन्द्रको निर्माण गर्दै लगिने छ ।
- विद्यालयको सिकाई उपलब्धि मौजुदा अवस्थामा १० प्रतिशत बृद्धि गरिने छ ।
- प्रत्येक महिना विद्यालयमा उपसथित विद्यार्थी र शिक्षकको उपस्थितीको विवरण गाउँपालिकामा पेश गर्नु पर्ने छ ।
- प्राविधिक तर्फ उच्च शिक्षा अध्ययनको लागि शशर्त ऋण अनुदानको व्यवस्था गरिने छ ।

## कृषि सम्वन्धी नीति तथा कार्यक्रम

- कृषिमा आधारित उद्योगको विकास गरी रोजगारी र आम्दानी वृद्धि गरिने छ ।
- कृषि शिक्षा र अनुसन्धानबाट विकास भएका प्रविधिहरूको विस्तारका लागि कृषि क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी तथा गैरसरकारी संस्थाहरूबीच समन्वय र सहकार्य गर्दै कार्यान्वयन पक्षलाई नतिजा उन्मुख बनाइनेछ ।
- खेतीयोग्य जग्गालाई बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्दै बाँझो रहेका कृषि भूमिको दिगो उपयोगका लागि उपयुक्त योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- खाद्य तथा अन्य कृषि उत्पादनमा आत्मनिर्भरताका लागि उत्पादनका पकेट, ब्लक, जोन तथा सुपरजोनको विकास गरी सघन व्यवसायिक खेती प्रणाली अघि बढाइनेछ ।

- कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकास, अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।
- कृषिमा आधारित उद्योगहरू, सेवा तथा ग्रामीण कृषि पर्यटनको विकासमा युवा तथा कृषक उद्यमीहरूलाई आकर्षित गरिनेछ ।
- कृषिजन्य उद्योगका लागि आवश्यक गुणस्तरीय कच्चा पदार्थहरूको पर्याप्त उत्पादन गरिनेछ
- उत्पादन सामग्रीहरू, रासायनिक मल, प्राङ्गारिक मल, उन्नत बिउ बिजन, सिँचाइ, मेसिनरी औजार, जैविक तथा रासायनिक विषादी तथा बिमा प्रिमियममा लागत सहभागिताको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।
- समूहमा आधारित साना सिँचाइ निर्माण तथा मर्मत सम्भार, सहकारीमा आधारित साना सिँचाइ पूर्वाधार निर्माण,  प्लास्टिक पोखरी तथ सिञ्चित क्षेत्र विस्तार गरिनेछ ।
- महिलाकरण हुँदै गएको कृषि र श्रमको अभावलाई सम्बोधन तथा कृषि व्यवसायीकरण गर्न यान्त्रिकीकरणमा प्रोत्साहन
- कृषि यन्त्र औजार उपकरणमा अनुदान दिने र कृषि सहकारीसँगको सहकार्यमा सामुदायिक बिउबिजन प्रशोधन तथा वितरण कार्यलाई सहजीकरण गर्न सामुदायिक सेवाकेन्द्र स्थापना
- कृषक समूह तथा सहकारीहरूलाई बिउ भण्डारण घर, उपकरण खरिद सहयोग, थ्रेसिङ फ्लोर निर्माण र बिउबिजन आत्मनिर्भर कोष स्थापनामा सहयोग गरिनेछ ।
- मौरीपालन र च्याउ खेती प्रवर्द्धनका कार्यक्रमको लागि आर्थिक तथा प्राविधिक सहयोग क्षेत्र विस्तार गरिनेछ  ।
- बिउ आलु उत्पादक कृषक तथा कृषक समूहलाई विशेष सहयोगी कार्यक्रम सञ्चालना सुन्तला बगैँचाहरूको सुदृढीकरणका लागि प्याकेज कार्यक्रम सञ्चालन गरिने छ ।
- तरकारी खेती, मत्स्यपालन, पुष्प व्यवसाय, मौरीपालन तथा च्याउ खेतीमा युवाहरूलाई आकर्षित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरी व्यवसाय सञ्चालनमा लागत सहभागिताको आधारमा अनुदानको कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषक, कृषि उद्यमी, समूह र कृषि सहकारीलाई प्रतिफलमा आधारित प्रोत्साहन अनुदान गरिनेछ ।
- चिया तथा कफी क्षेत्र विस्तार, चिया तथा कफी प्रशोधन उद्योग स्थापना र ब्रान्डिङका लागि प्राविधिक तथा आर्थिक सहयोग । अलैँची, बेसार, अदुवा, पुष्पलगायतका क्षेत्रको विकास र विस्तार तथा प्रशोधन उद्योग स्थापना गरिनेछ ।
- कृषकको घरदैलोमा आधुनिक कृषि प्रविधि पुर्‍याउन हरेक वडामा कृषि प्राविधिकको व्यवस्था गरिनेछ ।
- कृषि सम्बन्धी विभिन्न व्यवसायिक खेतीपाती तालिम आदिको आयोजना गरिनेछ।
- मौसमी तथा बेमौसमी तरकारी खेती कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।
- गा.पा. भित्रको भुगोल, वातावरण माटो आदिको परीक्षण गरी फलफुल, डाले घाँस आदिको विरुवा वितरण गरिनेछ ।

- व्यवसायिक रुपमा चिया, कफी,  सुन्तला , अलैची, च्याउ, किवि खेतीमा विशेष जोड दिइनेछ। त्यसको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- बिउ, तरकारी, फलफूल भण्डारको लागि सोलार स्टोरको निर्माण गरिनेछ।
- गा.पा.को उपयुक्त वडामा आलु भण्डारणको लागि रस्टिक स्टोरको  निर्माण गरिनेछ।
- गा.पा. भित्रका अगुवा कृषकको छनौट गरी कृषि कार्यलाई प्रभावकारी बनाउन पुरस्कृत गरिनेछ।
- व्यवसायिक रुपमा मौरी पालन गर्ने कृषकहरुको लागि ५० प्रतिशत अनुदानको व्यवस्था गरिनेछ।
- कृषक समुहको पहिचान गरी मिनिलिटर, थ्रेसर आदिको खरिद गर्नको लागि ५० प्रतिशत अनुदानको व्यवसथा गरिनेछ।
- गा.पा. को वातावरण तथा भुगोल अध्ययन गरी तीन वटा नर्सरीको व्यवस्थापन गरिनेछ।
- कृषकलाई प्रोत्साहन गर्ने हेतुले कृषि मेला प्रद्धर्शनी गरी उत्कृष्ट कृषकलाई पुरस्कारको व्यवस्था गरिनेछ।
- अर्गानिक खेतीपातीलाई प्रोत्साहन गर्न कृषि अनुदानको व्यवस्था गरिनेछ।
- सामुहिक  खेतीपातीलाई प्रोत्साहन गर्न समुह गठन, नवीकरण कार्य अगाडी बढाइनेछ।
- गा.पा. स्तारीय एक वटा तरकारी संकलन केन्द्र स्थापना गरी कृषकबाट उत्पादित कृषि उपजलाई बजार पहँच कायम गरिनेछ।
- गा.पा. भित्रका विभिन्न स्थानको माटोको परीक्षण गरी माटो अनुकुलको वाली लगाउन उत्प्रेरित गरिनेछ।
- कृषि उपज संकलन केन्द्र, शीत भण्डारण स्थलको निर्माण क्रमागत रुपमा गरिनेछ।
- वातावरण भुगोल आदिको आधारमा प्रत्येक वडामा एक नर्सरीको स्थापना गरिनेछ।
- गाउँपालिका भित्र थोपा सिचाई, ल्पाष्टिक पोखरी आदि माध्यमाबाट कृषियोग्य भुमिमा सिचाइको व्यवस्था गरी कृषि उत्पादनमा वृद्धि गरिनेछ।
- गाउँपालिका स्तरीय कृषि पाठशाला वा तालिम केन्द्रको स्थापना गरिनेछ।
- कृषकको माग र आवश्यकताको आधारमा कृषि चुनको वितरण गरिनेछ।
- प्रत्येक वडामा महिनामा एक पटक हाट बजार लगाउन  हाट बजारको व्यवस्था गरिनेछ।

**पशु सम्वन्धी नीति तथा कार्यक्रम**

- गाई, भैँसी, बङ्गुर र बाखाको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई तथा कृत्रिम गर्भाधान सेवा पुग्न नसक्ने स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नस्लका पशुहरूको सङ्ख्यामा वृद्धि गरिनेछ।
- गाई, भैँसी, बाखा र बङ्गुरको कृत्रिम गर्भाधानबाट उन्नत नस्लका पशुहरूको सङ्ख्या वृद्धि र नस्ल सुधार  अभियान कार्यक्रम गरिनेछ।

- वन, भू-संरक्षण तथा कृषि विकास कार्यालयहरूसँगको समन्वयमा सामुदायिक वन, कबुलियती वन तथा कृषि फार्महरूमा घाँसेबाली प्रवर्द्धन गरिनेछ ।
- खोरेत, पी.पी.आर, रेबिज, स्वाइन फिबर, रानीखेतजस्ता रोगको रोकथामका लागि भ्याक्सिन खरिद, भण्डारण, वितरण र प्रयोगमा ल्याइने छ ।
- उन्नत जातका बाख्रा उत्पादन र आर्यआर्जनलाई बढाउन बोयर जातका बोखा अनुदानमा वितरण गरिनेछ ।
- प्रत्येक दुध दिने गाई भैसीको विमामा लागने रकमको २० प्रतिशत रकम विमा रकमको व्यवस्था गरिने छ ।
- गाउँपालिका स्तरीय पशु शिविर प्रत्येक वडामा संचालन गरिने छ ।
- व्यवसायिक रुपमा पशुपालन गर्ने कृषकको लागि गोठ सुधारको लागि ५०% अनुदानको व्यवस्था गरिने छ ।
- पशु सम्वन्धि विभिन्न रोगको औषधी खरिद गरि निशुल्क विवरणको व्यवस्था गरिने छ ।
- पशु पालन सम्वन्धी विभिन्न तालिमको व्यवस्था आयोजना गरिने छ ।
- गा.पा. भित्रका व्यवसायिक रुपले संचालनमा रहेको पशु फर्महरुलाई श्रोतकेन्द्र बनाउनको लागि अनुदानको व्यवस्था गरिने छ ।
- व्यवसायिक रुपमा माछापालको लागि विशेष अनुदानको व्यवस्था गरिने छ ।

## पर्यटन सम्वन्धी नीति तथा कार्यक्रम

- प्रमुख पर्यटकीय स्थलहरूसम्म सहज पहुँच बनाउन पर्यटन पदमार्गमार्फत एकीकृत पर्यटकीय र मनोरञ्जन स्थल निर्माण तथा सञ्चालनमा निजी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ ।
- पर्या-पर्यटन तथा कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप वातावरणमैत्री बनाइनेछ ।
- प्रमुख पर्यटकीय क्षेत्रहरूमा विपद् तथा जलवायुजन्य प्रकोपका घटनाहरू पहिचान गर्ने तथा विपद् र जलवायुजन्य जोखिम न्यूनीकरण एवम् पूर्व तयारी योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- पर्यटन क्षेत्रको लाभलाई ग्रामीण तहसम्म पुर्‍याउन होमस्टेलाई एक प्रमुख माध्यमको रूपमा विकास गरिनेछ ।
- विगु गुम्बाबाट देउढुङ्गा मन्दिरसम्म जाने पर्यटन पदमार्गको निर्माण गरिने छ ।
- १२०० पल्टनले भोटसँग लडाई लडेको थोवो पर्यटन मार्गको निर्माण गरिने छ ।

## युवा तथा खेलकुद सम्वन्धी नीति तथा कार्यक्रम

- बढदै गईरहेको युवाको विदेश पलायनलाई रोक्न स्वरोजगार मुलक योजनाको संचालन गरिने छ ।
- विकास निर्माणमा युवालाई सक्रिय सहभागी गराई रोजगारको सृजना गरिने छ ।
- युवालाई रोजगार सृजना गर्न प्राविधिक तथा सीप विकास तालिमको संचालन गरिने छ ।
- युवालाई साना उद्योग स्थापना गर्न प्रोत्साहन गर्न विशेष अनुदानको व्यस्था गरिनेछ र जसले गरिविको रेखामुनी रहेका मानिसको संख्या कम गदै लगिने छ ।

- गाउँपालिका स्तरीय रंगशालाको निर्माण गरिनेछ ।
- प्रत्येक वडामा एक कबड हलको निर्माण कार्यलाई यसै वर्षबाट क्रमै सँग संचालन गरिदै लगिने छ ।
- गाउँपालिका भित्र रहेका उत्कृष्ठ खेलाडीको छनौट गरी थप क्षमता विस्तारको लागि राष्ट्रिय र अन्तराष्टिय स्तरको तालिममा पठाईने छ  साथैभलिबल फुटबल र मार्शल आर्ट विधाको खेलाडी कोच र अफिसियलहरुलाई गा.पामा अनुबन्धन गरी उचित पारिश्रमिक समेत व्यवस्था गरिने
- खेलाडीको क्षमता विस्तार र नयाँ खेलाडीको विकास गर्न विभिन्न समयमा प्रशिक्षक झिकाई तालिमको आयोजना गरिने छ ।
- ठिडसाडमा गल्फ/स्की खेलको सम्भायता अध्ययन गरिने छ ।
- गाउँपालिका स्तरीय अध्यक्ष कप भलिबल खेलको आयोजना गरिने छ ।
- विद्यालयमा खेलकुदको विकास र विस्तार गर्न प्रत्येक विद्यालयका खेदकुद शिक्षकलाई थप तालिमको व्यवस्था गरिने छ ।

## सार्वजनिक सेवा प्रवाह सम्वन्धी नीति तथा कार्यक्रम

- गाउँपालिकाको सेवा प्रवाहलाई छिटो छरितो चुस्त दुरुस्त बनाउन श्रव्य दृश्य, नागरिक वडापत्र सुचना बोर्ड डिजिटल नोटीस बोर्ड आदिको व्यस्थालाई थप प्रभावकारी बनाईने छ ।
- प्रत्येक वडा कार्यालय तथा गाउँपालिकामा सोधपुछ कक्षको व्स्था गरिनेछ ।
- पारर्दशिता र उत्तरदायित्वलाई प्रभावकारी बनाउन गाउँपालिका भित्रका सवै सार्वजनिक निकायमा विद्युतीय हाजिर मासिक खर्चको विवरण सार्वजनिक गरिनेछ ।
- नागरिकलाई आफ्नो समस्या तथा गुनासो सुनाउन र रिपोटिङ्ग गर्न टोल फ्रि नम्वरको व्यवस्था गरिने छ ।
- कर्मचारीको क्षमता विकास र पुनताजर्किय तालिमको व्यवस्था गरिने छ ।
- सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन कर्मचारीलाई अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।
- गाउँपालिकालाई paper less गाउँपालिकाको रुपमा परिणत गनिरेछ ।
- विकास निर्माणलाई प्रभावकारी वनाउन प्रत्येक वडामा एक प्राविधिक जनशक्तिको व्यवस्था गरिने छ ।
- सार्वजनिक सम्पत्तिको संरक्षण, रेखदेशको नियन्त्रण तथा गाउँपालिकाको अन्य कार्यको लागि नगर प्रहरीको व्यवस्था गरिने छ ।

## उर्जा विकास सम्वन्धी नीति तथा कार्यक्रम

- **उज्जयालो ठाउँ हाम्रो गाउँ** भन्ने नारालाई आत्मासाथ गर्दै प्रत्येक वडामा विद्युतीकरण गर्द लगिने छ ।
- लघु जलविद्युत आयोजनाको मर्मत संम्भार गरिनेछ
- नवीकरणीय ऊर्जाको प्रयोगमा विस्तार गरिनेछ ।

- यस गाउँपालिकाका प्रत्येक वडामा यस वर्ष भित्र केनद्रिय लाइन विस्तार गरि विद्युतीकरण गरिने छ ।

**संचार सम्वन्धी नीति तथा कार्यक्रम**

- संघिय सरकार प्रदेश सरकार सँग समन्वय गरी टेलिफोन टावर निमार्ण गरिने छ ।
- गउँपालिका भित्र आन्तरिक संचार प्रणालीलाई व्यवसथित बनाउन रेडियो ................ टावर जडान गरिने छ ।

**पुवार्धार सम्वन्धी नीति तथा कार्यक्रम**

- गाउँपालिका भित्रका सडकको स्तरोन्ती गदै बाह्रै महिना सडक संचालन गरिने छ ।
- गाउँपालिका भित्र वडा नं. १को लामावगर देखि वडा नं ८को खोपाचागु सम्म सडक विस्तारलाई प्राथमिकतामा राखिने छ ।
- गाउँपालिका भित्र रहेका बजार क्षेत्रका सडकहरुमा सौर्य बत्तिको व्यवस्था गरिनेछ ।
- सामुदायिक भवन, स्वास्थ्य चौकी, पुस्तकालय आदिको निमार्ण गरिनेछ ।
- गाउँपालिकाको भवन, वडा कार्यालयहरुको भवन, संघिय सरकार,प्रदेश सरकार र स्थानीय तहको सहकार्यमा निर्माण गरिने छ ।
- काठेपुललाई विस्तापीत गरी संघिय सरकार, प्रदेश सरकार र स्थानीय तहको सहकार्यमा झोलुङ्गे पुलको निर्माण गरिने छ ।
- विभिन्न पर्यटन पदमार्गको निर्माण गरिने छ ।
- गाउँपालिका भित्र संघिय सरकार,प्रदेश सरकार र स्थानीय तहको समन्वयमा एक सुविधा सम्पन्न शीत भण्डारको निर्माण गरिने छ ।
- विद्यालय भवन नभएका विद्यालयको पहिचान गरी विभिन्न दातृनिकाय सँग सहकार्य गरी विद्यालय भवनको निर्माण गरिने छ ।
- प्रत्येक माध्यामिक विद्यालयमा ई लाइवेरी, घेराबार, छात्र छात्रा अपाङ्ग मैत्री शौचालयको निर्माण गरिनेछ ।
- कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र र अन्य सेवा केन्द्रलाई एकत्रित गरी एकिकृत सेवा केन्द्र भवनको निर्माणलाई निरन्तरता दिने छ ।
- गाउँपालिका भित्र रहेका गुम्बा, मठ, मन्दिर, पुरातातवियक महत्वपुर्ण वस्तुको संरक्षण निर्माणमा जोड दिइने छ ।
- गाउँपालिका भित्र गरिने विकास निर्माणको कार्य चैत मसान्त भित्र८० प्रतिशत कार्य सम्पन्न गरिनेछ ।
- गा.पा.को मुख्य बजार, सेवा केन्द्र अथवा केन्द्रमा सुविधा सम्पन्न व्यायमशाला निर्माण गरिनेछ ।
- गाउँपालिका भित्र सिंगटीमा वस पार्क र विभिन्न ठाउँमा सार्वजनिक शौचालयको निर्माण गरिने छ ।

- सिंगटी दोभान रहेको सार्वजनिक जग्गा घाट गुरुयोजना निर्माण गरी  घाटलाई व्यवस्थित बनाईने छ ।
- गाउँपालिका भित्र निर्माण गर्न सकिने १ मेघावाट सम्मको जलविद्युत आयोजनाको सम्भावयता अध्ययन गरिने छ ।
- गाउँपालिका भित्र विद्युत खरिद सम्झौत भई संचालन भएका आयोजनामा गाउँपालिकाले संयुक्त लगानी गरिने छ ।

**सुचना प्रबिधि सम्वन्धी नीति तथा कार्यक्रम**

- विद्युतीय सुशासनलाई मुख्य प्राथमिकतामा राख्दै गाउँकार्यपालिका, पालिकाको एकीकृत सेवा केन्द्र, प्रत्येक वडा कार्यालयको वरिपरिको क्षेत्रलाई FREE WIFI ZONE को रुपमा स्थापित गरिनेछ ।
- प्रत्येक वडामा रहेको स्वस्थ्य चौकी, माध्यमिक विद्यालय र आधारभुत बिद्यालयहरुमा इ-हाजिरीको व्यवस्था गरी दैनिक हाजिरी गाउँपालिकामा अद्यवधिक हुने प्रणालीको प्रबन्ध गरिनेछ । साथै प्रत्येक वडा कार्यालयमा डिजिटल नागरिक बडापत्रको प्रबन्ध मिलाइनेछ ।
- प्रबिधिको प्रयोगलाई प्रत्साहन गर्न मोबाइल एप्सको निर्माण गर्ने सँगै डिजिटल शोधपुछ प्रणलीको व्यवस्था गरिनेछ ।
- आधारभुत तह उत्तीर्ण परीक्षाको परीक्षाफल छुट्टै वेब-प्रणालीको विकास गरी सार्वजानिक  गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको लेखा व्यवस्थापनलाई अनलाईन प्रणालीको सूत्र (Subnational Treasury Application Regulatory ) मार्फत व्यवस्थित गरिनेछ ।
- कार्यालयको दैनिक प्रशासनिक कामकाजहरुलाई डिजिटल प्रबिधिबाट व्यवस्थापन गरी कागजी प्रणाली प्रयोगलाई न्युनीकरण गरि सुचनाको आदान प्रदान बिद्युतीय तरिकाबाट  गर्ने गरि प्रबन्ध मिलाइनेछ ।
- सेवाग्रहीलाई छिटो तथा सरल रुपमा सेवा प्रदान गर्न आवश्यक नयाँ सफ्टवयरको निर्माण तथा खरिद, सम्पुर्ण डाटा Digital Form  मा अधिलेखीकरण र  होस्टिङ को लागि सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरिनेछ ।
- अपाङ्गता भएका सेवाग्राहीहरुलाई मध्यनजर गर्दै श्रव्य तथा दृश्य सुचना पाटीको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको प्राविधिक क्षेत्रलाई मजवुत बनाउन कर्मचारीहरुको व्यवस्था साथै क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमहरुको प्रबन्घ मिलाइनेछ ।
- वडा स्तरबाटनै सामाजिक सुरुक्षा तथा व्यक्तिगत घटना दर्ता र अद्यवधिक गर्नको लागि आवश्यक पुर्वधारको प्रबन्ध मिलाइनेछ ।

- मासिक पत्रकार भेटघाट, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सूचना प्रवाहमा मिडिया सँगको सहकार्य आदिका माध्यमबाट सूचना प्रवाह, पारदर्शिता तथा जनताको सुख दुःखमा सहयात्रीको भूमिका निर्वाह गरिनेछ ।

**सामाजिक सुरक्षा सम्वन्धी नीति तथा कार्यक्रम**

- जेष्ठ नागरिकहरुको रेखदेख, उपचार र सामाजिक सुरक्षा तथा यूवा जनशक्तिको वैदेशिक पलायनको उचित व्यवस्थापन अध्ययन गरी स्थानीय स्तरमा नै रोजगारीको सिर्जना गरिनेछ ।
- जेष्ठ नागरिक, अपाङ्ग, विधवा, एकल महिला आदिको सामाजिक सुरक्षा भत्ता घर दैलो लगि वितरण गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरणको समयमा नै स्वास्थ्य जाँचको र निशुल्क औषधीको व्यव्स्था गरिने छ ।
- विधवा र एकल महिलालाई आर्य आर्जन हुने खालका सीप मुलक तालिमको व्यस्था गरिने छ ।

**राजश्व संकलन सम्वन्धी नीति तथा कार्यक्रम**

- गाउँपालिका आत्म निर्भर वन्नको लागि आफ्नो आन्तरिक आम्दानीको अति आवश्यक पर्दछ । तसर्थ गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र पर्ने विभिन्न शिर्षकमा सेवा शुल्क कर दस्तुर निर्धारण गरिनेछ ।
- जनताको कर जनताको लागि भन्ने नाराको साथ गाउँपालिकाबाट उठेको कर दस्तुर जनताको हितकै लागि खर्च गरिने छ ।
- प्रत्येक वडा कार्यालयबाट उठेको राजश्व प्रत्येक महिनाको ७ गते भित्र गाउँपालिकाको कार्यालयमा पेश गरिने छ ।

**अन्तयमा यस नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्ने गाउँसभाका पदाधिकारी ,कर्मचारी लगायत सवैमा हार्दिक आभार व्यक्त गर्दछु ।**

## धन्यवाद